बैठक संख्या: ५६

मिति:२०८२/०१/१२ शुक्रबार

समय:दिउसो २.०० बजे

स्थान: महिला सञ्जाल भवन,कालिका-२,चितवन

आज मिति २०८२/०१/१२ गते कालिका नगरपालिकाका नगर प्रमुख श्री विनोद रेग्मीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यज्युहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरुमाथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | पद/दर्जा | उपस्थित पदाधिकारीको नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री विनोद रेग्मी | |
| २ | नगर उपप्रमुख | श्री बिमला तामाङ | |
| ३ | वडा अध्यक्ष | श्री सन्तविर स्याङदान | |
| ४ | वडा अध्यक्ष | श्री लक्ष्मण पौडेल | |
| ५ | वडा अध्यक्ष | श्री विरेन्द्र तामाङ | |
| ६ | वडा अध्यक्ष | श्री मकरमान श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री दिपक बहादुर भट्टराई | |
| ८ | वडा अध्यक्ष | श्री टिकाराम रेग्मी | |
| ९ | वडा अध्यक्ष | श्री कमलराज मुक्तान | |
| १० | वडा अध्यक्ष | श्री चित्र बहादुर मगर | |
| ११ | वडा अध्यक्ष | श्री निलकण्ठ मगर | |
| १२ | वडा अध्यक्ष | श्री नरजंग प्रजा | |
| १३ | वडा अध्यक्ष | श्री कृष्ण बहादुर प्रजा | |
| १४ | कार्यपालिका सदस्य | श्री सरस्वती खत्री | |
| १५ | कार्यपालिका सदस्य | श्री शान्ती महतो | |
| १६ | कार्यपालिका सदस्य | श्री फाराम कुमारी ढकाल | |
| १७ | कार्यपालिका सदस्य | श्री सम्झना परियार | |
| १८ | कार्यपालिका सदस्य | श्री भुव कुमारी रानामगर | |
| १९ | कार्यपालिका सदस्य | श्री दिपक सिह परियार | |
| २० | कार्यपालिका सदस्य | श्री ज्योती सुनार | ज्योति |
| २१ | कार्यपालिका सदस्य | श्री धनमाया प्रजा | धनमाया |
| २२ | सचिव | श्री देवराज चौलागाई | |

# कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम,चितवन

## नगर कार्यपालिका बैठक निर्णय

बैठक संख्याः ४६ बैठक मिति २०८२/०१/१२

| प्रस्ताव नं | प्रस्ताव गर्ने शाखा | प्रस्ताव | निर्णय | कैफियत |
|---|---|---|---|---|
| १. | प्रशासन शाखा | दोश्रो कार्यकालको सातौं नगरसभा सम्बन्धमा। | कालिका नगरपालिकाको सातौं (दोश्रो कार्यकालको सातौं) नगरसभा मिति २०८२ असार ४ गते बुधबार बिहान ७.३० बजे आह्वान गर्ने। | |
| २ | योजना शाखा | बजेट तथा योजना संशोधन सम्बन्धमा। | कालिका नगरपालिकाको दोश्रो कार्यकालको पाँचौं नगरसभाबाट आ.ब.२०८१/०८२ को लागि तपसिल अनुसारको साविक बजेट विनियोजन शीर्षकबाट देहाय बमोजिम योजना तथा कार्यक्रम सञ्चालनार्थ बजेट तथा योजना संशोधन गर्ने निर्णय गरियो । | |

| सा.वि. सि.नं. | साविक योजनाको नाम | बजेट | कायम हुने /सशोधन हुने योजनाको नाम | वडा न. | वजेट रकम |
|---|---|---|---|---|---|
| १४४ | नगर साझेदारी कोष | २५०५००० | चुहार खोला मोटरबाटो निर्माण | ८ | २०००० |
| | | | कालिका मन्दिर गेट तथा अन्य पूर्वाधार मर्मत तथा सुधार | ८ | ७००००० |
| | | | नव मिलिजुली दुग्ध उत्पादक ई-रिक्शा खरिद साझेदारी | ६ | २५०००० |
| | | | पृथ्वी मावि साइकल स्टेण्ड निर्माण | ७ | २५०००० |
| | | | वेलपत्रचोक भुमिगत जल उपभोक्ता लुज पाइप खरिद | ८ | ४०००० |
| | | | साना किसान नर्सरी निर्माणका लागि पूर्वाधार व्यवस्थापन | ५ | १००००० |
| | | | शुभ शान्ति आ वि सैपाम कार्यालय तथा झ्याल ढोका व्यवस्थापन | ११ | ३००००० |
| | | | महाकालि आ.वि.कोलार कार्यालय तथा झ्याल ढोका व्यवस्थापन | ११ | २००००० |

विनोद रेग्मी

प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २६६ | प्रशासकीय भवन लिफ्ट | २५००००० | जनहित मा बि फर्निचर व्यवस्थापन | ३ | २००००० |
| | | | | | | कयरखोला घोलखेत बाटो मर्मत - ९ | ९ | २००००० |
| | | | | | | सिलोन चर्च पूर्वाधार निर्माण | ३ | १००००० |
| | | | | | | जलदेवि मन्दिर पूर्वाधार निर्माण | ९ | २००००० |
| | | | | | | दौतेस खानेपानी मोटर व्यवस्थापन | ११ | १५०००० |
| | | | ३३० | समिपुर मा वि साइकल स्टेण्ड निर्माण | ५०००० | समिपुर मा वि कम्पाउण्ड वाल निर्माण | १ | ५०००० |
| | | | २६६ | प्रशासकीय भवन लिफ्ट | २५००००० | वडा नं. ९ को वडा कार्यालय जाने बाटो स्तरोन्नती | १ | ७५०००० |
| | | | ३३० | कार्यालय भवन मर्मत | १२०००० | प्रशासकीय भवन नगरप्रहरीका लागि शौचालय निर्माण | १ | ११९५०० |
| | | | ७६० | कालिका ४ भिमकुमारी तमाङको बारी नजिक स्यालो ट्युवेल | ४००००० | कालिका ४ तुनानाथ चौधरीको बारी नजिक स्यालो ट्युवेल | ४ | ४००००० |
| | | | ३२६ | साझेदारीमा तल्लो गडुवा खानेपानी जेनेरेटर खरिद | २००००० | वडा भित्रका विभिन्न स्थानहरुमा सोलारवत्ती मर्मत तथा जडान | १ | २००००० |
| | | | ३० | घरहरुको घर नक्शा ढांचा तयार तथा छपाई | ३००००० | विद्यालयहरुमा वार्षिकोत्सब समारोह तथा अतिरिक्त क्रियाकलाप सन्चालन | | ७७०००० |
| | | | ४६ | जडीबुटी उत्पादन र प्रशोधन | ३००००० | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | ५६ \| भवन शाखा अन्तरगत तालिम \| २०००० | |
| ३ | आर्थिक प्रशासन शाखा | राजश्व फिर्ता सम्बन्धमा। | कालिका नगरपालिका वडा नं ६ बस्ने श्री ईश्वर राज बिष्टले भवन अभिलेखिकरणका लागि रसिद नं ३३११ मिति २०८०/१०/०२ मा रु.६९५९२.३० (अक्षरुपी उनान्सत्तरी हजार पाँचसय बयानब्बे पैसा तिस मात्र) बुझाई कार्य अगाडी बढेकोमा यस कार्यालयबाट अमिन प्राबिधिक खटाई नापनाँच गर्दा निर्माण सम्पन्न भएको भवनको पछाडीको भाग पूर्व तर्फ १.५ मिटर आफ्नो जग्गा भन्दा बाहिर बनेको अमिन प्रतिवेदनबाट देखिएकाले उक्त भवन अभिलेखिकरण गर्न नमिल्ने भएकाले निजले उक्त प्रयोजनका लागि जम्मा गरेको राजश्व रकम रु.६९५९२.३० (अक्षरेपी उनान्सत्तरी हजार पाँचसय बयानब्बे पैसा तिस मात्र) फिर्ता गर्ने निर्णय गरियो। | |
| ४ | आर्थिक प्रशासन शाखा | आगामी आ.व.२०८२/०८३ को वार्षिक बजेट सम्बन्धमा। | आगामी आ.व.२०८२/०८३ को बार्षिक बजेट तयारी सम्बन्धमा नगर उपप्रमुखको संयोजकत्वमा स्थानीय तह बजेट तर्जुमा दिग्दर्शन,२०७४ मा व्यवस्था भए बमोजिम देहायको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने र बजेट तयारी कार्य अगाडी बढाउने निर्णय गरियो।<br>(क) उपप्रमुख — संयोजक<br>(ख) बिषयगत समितिका संयोजकहरु — सदस्य<br>(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य<br>(घ) योजना शाखा प्रमुख — सदस्य सचिव | |
| ५ | आर्थिक प्रशासन शाखा | उपचर खर्च र आर्थिक सहायता सम्बन्धमा। | नगर प्रमुखज्यूबाट सिफारिस भए बमोजिम देहाय अनुसारका संस्था/ नागरिकलाई देहाय अनुसार उपचार खर्च र आर्थिक सहायता उपलब्ध निर्णय गरियो।<br>१. कालिका नगरपालिका वडा नं.१ निवासी श्री सुमन लामाको स्वास्थ्य उपचारका लागि रु.१०,०००।- | |
| ६ | वन वातावरण/ विपद शाखा | अमानत प्रकृयाबाट नदिजन्य पदार्थ उत्खनन् तथा बिक्री बितरण सम्बन्धमा। | कालिका नगरपालिकाको कयर खोला र बुडखोला स्थित बिभिन्न घाटहरुबाट निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन (उत्खनन्, ढुवानी, बिक्री वितरण समेत) सम्बन्धमा समय अभावका कारण ठेक्का बन्दोबस्त गरी निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन हुन नसक्ने देखिएकोले "कालिका नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन –२०८१, को दफा – (४०) को उपदफा – (३) र (४) एवं "कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन कार्यविधि – २०८१" र सोहि कार्यविधिको दफा – (१७) बमोजिम तत्कालका लागि क्रमशः बुडखोला जोर करम घाट तल्लो, बुडखोला गैरिवारी घाट र कयर खोला जुटपानी बजार घाटबाट नेपाल सरकार, राष्ट्रपति चुरे तराई मधेश | |

नगर कार्यपालिकाको कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | | सरंक्षण विकास समिति, खुमलटार, ललितपुरबाट प्राप्त अनुमतिका आधारमा नगरपालिका कार्यालयले नै अमानत व्यवस्थापन गरी निर्माणजन्य खनिज पदार्थ उत्खनन्, ढुवानी, बिक्रि वितरण गर्ने निर्णय गरियो । | |
| ७ | बन वातावरण/ विपद शाखा | चेनवाला एस्काभेटर (चेनवाला) भाडामा लिने सम्बन्धमा । | कालिका नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/१२/१५ गते प्रकाशित सूचना बमोजिम कार्यालयले न्यूनतम 220 HP क्षमताको चेनवाला एक्साभेटर भाडामा लिन सिलबन्दी दररेट पत्र माग गरेकोमा बोलपत्र मुल्याङ्कन समितिको मिति २०८२/०१/०९ गतेको निर्णय र सिफारिस बमोजिम दररेट पत्र दाता श्री लामा निर्माण सेवा, राक्सिराङ गाउँपालिका – २, मकवानपुर, नेपालले पेश गरेको प्रति घण्टा रु. ७३४५।०० (अक्षरेपी रु. सात हजार तीन सय पैतालिश मात्र) (मु. अ. कर समेत) को भाडा दररेट स्वीकृत गर्ने एवं उल्लेखित दररेटमा यस कार्यालयलाई न्यूनतम 220 HP क्षमताको चेनवाला एक्साभेटर उपलब्ध गराउने गरी श्री लामा निर्माण सेवा, राक्सिराङ गाउँपालिका – २, मकवानपुर, नेपालसँग संझौता गर्ने निर्णय गरियो । | |
| ८ | बन वाताबरण /विपद शाखा | पूर्व सम्भाव्ता अध्ययन गरिएका Land Fill site क्षेत्रको वातावरणिय अध्ययन गर्ने सम्बन्धमा । | कालिका नगरपालिका नगरपालिकाको फोहर मैलालाई दिगो व्यवस्थापन गर्ने प्रयोजनार्थ Land Fill Site पहिचान एवं पूर्व सम्भाव्यता अध्ययन सम्बन्धी "To prepare a Site Visit (Pre-feasibility study) Report to select appropriate Land fill site for solid waste management of Kalika Municipality" कार्य सम्पन्न भएका सामुदायिक बन क्षेत्र भित्र रहेका सम्भावित Land Fill Site क्षेत्रको वातावरणीय अध्ययन कार्य अगाडी बढाउने निर्णय गरियो । | |
| ९ | आर्थिक प्रशासन शाखा | राजश्व परामर्श समितको मिति २०८२/०१/०७ को निर्णय स्वीकृत एवं अनुमोदन सम्बन्धमा । | राजश्व परामर्श समितको मिति २०८२/०१/०७ को निर्णय देहाय अनुसारको निर्णयहरु स्वीकृत एवं अनुमोदन गर्ने निर्णय गरियो ।<br>तपसिल<br>प्रस्तावहरु:<br>१. हाट बजार संचालन कार्यविधि-२०८१'को शुल्क तथा जरिवाना सम्बन्धमा ।<br>३. ठेला तथा ई-रिक्सा र घुम्ती व्यवसायको शुल्क सम्बन्धमा ।<br>४. नगरपालिकामा व्यवसाय गर्ने भारतिय मुलका व्यक्तिहरुको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धमा ।<br>५.विविध<br>निर्णयहरु:<br>हाट बजार संचालन कार्यविधि-२०८१ बमोजिम र ठेला तथा ई-रिक्सा र घुम्ती व्यवसायको शुल्क तथा जरिवाना सम्बन्धमा तपसिल बमोजिमको शुल्क तथा जरिवाना कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो<br>१. हाट बजार संचालन कार्यविधी-२०८१ को शुल्क तथा जरिवाना<br>क. हाट बजार दर्ता शुल्क (दफा ४)<br>संस्थागत : रु. १५,०००।– (पन्ध्र हजार मात्र)<br>निजी रु. २५,०००।– (पच्चिस हजार मात्र) | |

| | | | | |
|---|---|---|---|---|
| | | | ख. हाट बजार नविकरण: रु. १००००।– (दश हजार मात्र) (दफा 4)<br>ग. नियम विपरित हाट बजार संचालन गरेमा: रु. १०,०००।– (दश हजार मात्र) देखि रु. 50,000 (पचास हजार मात्र) (दफा २०)<br>३. ठेला तथा ई-रिक्सा र घुम्ती व्यवसाय<br>क. कृषि तथा पशुजन्य व्यवसाय (नगरपालिका भित्र उत्पादित बस्तु नगरपालिका भित्रका नागरिकले गर्ने व्यवसाय)<br>प्रतिदिन: रु. १०।- (दश रुपैंया मात्र)<br>मासिक: रु. २००।- (दुई सय मात्र)<br>ख. कृषि तथा पशुजन्य व्यवसाय (अन्य)<br>प्रतिदिन: रु. २० (बिस रुपैंया मात्र)<br>मासिक: रु. ४००।– (चार सय मात्र)<br>ग. कृषि तथा पशुजन्य बाहेकका व्यवसाय (नगरपालिका भित्र का उत्पादन)<br>प्रतिदिन: रु. ३०।– (तीस रुपैंया मात्र)<br>मासिक: रु. ६००।– (छ सय मात्र)<br>घ. कृषि तथा पशुजन्य बाहेकका व्यवसाय (नगरपालिका बाहिरका उत्पादन)<br>प्रतिदिन: रु. ४०।– (चालिस रुपैंया मात्र)<br>मासिक: रु. ८००।- (आठ सय मात्र)<br>ङ. नगरपालिका बाट अनुमति नलिई व्यवसाय संचालन गरेको पाइएमा<br>प्रथम पटक जरिवाना : रु. १०००।– (एक हजार मात्र)<br>दोस्रो पटक जरिवाना: रु. २०००।– ( दुई हजार मात्र)<br>तेस्रो पटक जरिवाना: रु. ३०००।– (तीन हजार मात्र)<br>तेस्रो पटक भन्दा बढि भएमा प्रत्येक पटक रु. १०,०००।– (दश हजार मात्र) जरिवाना लाग्ने छ।<br>३.नगरपालिकामा व्यवसाय गर्ने भारतिय मूलको व्यक्तिलाई व्यवसाय दर्ता गर्दा नगरपालिकाको व्यवसाय दर्ता र वार्षिक व्यवसाय कर बमोजिम लिने। व्यवसाय दर्ता गर्दा सम्बन्धित व्यवसायको व्यवसाय दर्ता शुल्क भन्दा थप १,५००।– (एक हजार पाँच सय मात्र) लिने। व्यवसाय दर्ता गर्दा भारत सरकारको प्रमाणित आधिकारिक कागजात र घर बहाल सम्झौताको आधारमा गर्न कार्यपालिकालाई सिफारिस गर्ने। | |
| १० | बन बातावरण/विपद शाखा | बन, वबातावरण तथा विपद व्यवस्थापन समितिको बिभिन्न मितिको बैठकबाट स्वीकृतका लागि सिफारिस | बन, बातावरण तथा विपद व्यवस्थापन समितिको बिभिन्न मिति २०८१/०६/१० देखि मिति २०८२/१२/२९ सम्मका विभिन्न बैठकहरु निर्णय एवं सिफारिसहरु अनुमोदन गर्ने निर्णय गरियो। | |

| | | | | |
|---|---|---|---|---|
| | | भएका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा। | | |
| ११ | प्रशासन शाखा | नगर प्रमुखको भ्रमण स्वीकृत एवं अनुमोदन सम्बन्धमा। | यस कार्यालयका नगर प्रमुख श्री बिनोद रेग्मीज्यूको देहाय अनुसारको मिति र स्थानको भ्रमण स्वीकृत एव अनुमोदन गर्ने निर्णय गरियो।<br>तपसिल<br>मिति: २०८१/१२/१५ देखि २०८१/१२/२० सम्म — स्थान: संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — उद्देश्य: कार्यालयको कामले | |
| १२ | बन वातावरण/विपद शाखा | सामुदायिक बन उपभोक्ता समुहरूको आ. व. २०८१/०८२ को कार्ययोजना स्वीकृति एवं अनुमोदन गर्ने सम्बन्धमा। | कालिका नगरपालिका बन,वातावरण तथा विपद व्यवस्थापन समितिको बिभिन्न मितिको बैठकबाट स्वीकृतका लागि सिफारिस भएका देहाय बमोजिम सामुदायिक बन उपभोक्ता समुहरूको आ. व. २०८१/०८२ को कार्ययोजना स्वीकृत एवं अनुमोदन गर्ने निर्णय गरियो।<br>**तपसिल**<br>क) श्री कालिका सामुदायिक वन उपभोक्ता समुह, कालिका न. पा. – ८, न्यूरेनी, चितवन | |
| १३ | योजना शाखा | समपुरक तथा बिशेष अनुदानका योजना बागमती प्रदेश सरकारमा पठाउने सम्बन्धमा। | कालिका नगरपालिकाको लागि आ.ब.२०८२/०८३ मा बागमती प्रदेश सरकारबाट बिनियोजन हुने सम्पुरक तथा बिशेष अनुदानका योजनाहरु देहाय अनुसार छनौट गरि सिफारिस गरि पठाउने निर्णय गरियो।<br>**समपुर तर्फ:**<br>१. चापगौंडी देखि बुडखोला हुदै सेरवास सडक स्तरोन्ती कालिका-८ रकम रु .३,००,००,०००/<br>२. वडा नं ४ र ५ को सिमाना सडक बि.पी.चोक देखि उत्तर पदमपुर सामुदायिक बन सडक कालोपत्रे रु. २,००,००,०००/<br>३. गडुवाचोक देखि दक्षिण चतर्मुखि सामुदायिक बन हुदै रत्ननगर सिमाना सडक स्तरोन्ती रु. २,००,००,०००/<br>**बिशेष अनुदान तर्फ:**<br>१.समिपुर बिद्यालय भवन निर्माण कालिका -१ रु. १,००,००,०००/<br>२.समिपुर देखि पूर्व घोलमा बाढी व्यवस्थापनका लागि पूर्वाधार निर्माण,कालिका -१ र २ रु. २,००,००,०००/<br>३.शक्तिखोरं खानेपानी मर्मत तथा पाइपलाइन बिस्तार कालिका ८ र ९ रु. १,००,००,०००/ | |
| १४ | योजना शाखा | उपभोक्ता समिति मार्फत कार्य गर्ने वडा नं ९ जाने बाटो स्तरोन्नती सम्बन्धमा। | कालिका नगरपालिका वडा नं ९ को कार्यालय जाने सडक निर्माणका लागि उपभोक्ता समिति गठन भई आएकाले उक्त सडक योजना उपभोक्ता समिति मार्फत कार्य सञ्चालन गर्ने निर्णय गरियो। | |

प्रमुख प्रशासकीय अधिकृत

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय, चितवन

बिनोद रेग्मी
नगर प्रमुख

<table>
<tr><td>१५</td><td>शिक्षा शाखा</td><td>बिद्यालयको तह/कक्षा थप सम्बन्धमा।</td><td>आधारभूत बिद्यालय कालिका -२ सहपुर र सिराई सनराइज इङ्लिस बोर्डिङ स्कुलमा तह थप (कक्षा -९) सञ्चालन गर्न अनुमती प्रदान र जनहित मा.बि कालिका -३ तथा शुभशान्ती आधारभूत बिद्यालय कालिका-११ शैपामलाई कक्षा थपका लागि स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।</td><td></td></tr>
<tr><td>१६</td><td>आर्थिक प्रशासन शाखा</td><td>कार्यक्रम तथा संशोधन सम्बन्धमा।</td><td>कालिका नगरपालिकाको दोश्रो कार्यकालको पाँचौं नगरसभाबाट आ.ब.२०८१/०८२ को लागि तपसिल अनुसारको साविक चालु बजेट विनियोजन शीर्षकबाट देहाय बमोजिम कार्यक्रम सञ्चालनार्थ बजेट तथा कार्यक्रम संशोधन गर्ने निर्णय गरियो ।<br><u>तपसिल</u>
<table>
<tr><th>सि.नं</th><th>साविक कार्यक्रम</th><th>बजेट रु.</th><th>संशोधन गरिएको कार्यक्रम</th><th>बजेट रु.</th></tr>
<tr><td>३७</td><td>विभिन्न सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी</td><td>८,००,०००/</td><td>नगर तथा वडा बालमैत्री कार्यक्रम</td><td>६,००,०००/</td></tr>
<tr><td>३९</td><td>उपभोक्ता समिति तालिम</td><td>२,००,०००/</td><td rowspan="3">छपाई,सूचना प्रकाशन खर्च</td><td rowspan="3">१४,००,०००/</td></tr>
<tr><td>७६</td><td>पदाधिकारी बैदेशिक भ्रमण खर्च</td><td>५,००,०००/</td></tr>
<tr><td>५८</td><td>महिला समन्वय समिति साझेदारी कार्यक्रम</td><td>१०,००,०००/</td></tr>
<tr><td>४७</td><td>टोल बिकास संस्था परिचालन</td><td>५,००,०००/</td><td>बिभिन्न सवारी साधन तथा औजार मर्मत</td><td>४,००,०००/</td></tr>
<tr><td>४४</td><td>गृहीणी महिला सिप विकास तथा क्षमता अभिबृद्धि कार्यक्रम</td><td>१०,००,०००/</td><td>पदाधिकारीहरु को लागि सवारी इन्धन</td><td>७,००,०००/</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td>आर्थिक प्रशासन शाखा</td><td>आ.ब.२०८१/०८२ को हाल सम्मको आय-व्यय र आन्तरिक आम्दानीको समिक्षा सम्बन्धमा।</td><td>कालिका नगरपालिकाको आ.ब.२०८१/०८२ को हाल सम्मको आय-व्यय र आन्तरिक आम्दानीको समिक्षा समीक्षा गरियो ।</td><td></td></tr>
<tr><td>१८</td><td>पूर्वाधार विकास शाखा</td><td>बुङ्थाङखोला वाढी नियन्त्रण व्यवस्थापन परियोजना म्याद थप तथा भुक्तानी सम्बन्धमा।</td><td>कालिका नगरपालिकाको बुङथाङखोला वाढी नियन्त्रण व्यवस्थापन परियोजनाको बिस्तृत परियोजना निर्माण तथा बातावरण अध्ययन कार्यको लागि कालिका नगरपालिका र ईकोकोड नेपाल प्र.लि कुपनडोल,ललितपुर बिच २०८०/१०/१९ मा सम्झौता भई २०८१/०३/२४ गते भित्र सम्पन्न हुने गरी</td><td></td></tr>
</table>

विनोद रग्मी

| | | | | |
|---|---|---|---|---|
| | | | परामर्शसेवा सम्झौता भएकोमा उक्त परामर्शदाताले अध्ययन कार्य गरी २०८१/०३/२० गते अन्तिम प्रतिवेदन आफ्नो तर्फबाट पेश मिति २०८१/०३/२३ मा कार्यालयमा प्राप्त भएको । सो प्रतिवेदन उपर कार्यालयबाट अध्ययन,सरोकारकारवालाहरुको उपस्थितिमा छलफल तथा डिभिजन बन कार्यालय र राष्ट्रपति चुरे तराई मधेश संरक्षण बिकास समिति कार्यक्रम कार्यान्वयन इकाई चितवनसंग लिखित राय माग गरी कालिका नगरपालिकाको बातावरणीय अध्ययन समितिबाट बाताबरणीय अध्ययन प्रतिवेदन सिफारिस भई आएकाले नगर कार्यापालिकाबाट २०८१/१२/१५ मा प्रारम्भिक बाताबरणीय अध्ययन प्रतिवेदन साथै बिस्तृत परियोजना प्रतिवेदन स्वीकृत भई प्रथम बर्षको ठेक्का समेत भई सकेको हुँदा,मिति २०८२/०१/०४ गतेको पूर्वाधार विकास समितिको निर्णयानुसार भूक्तानी सिफारिस समेत भएको प्राप्त हुँदा उक्त परामर्शसेवाको म्याद थप गरी भूक्तानी गर्ने निर्णय गरियो । | |
| १९ | पूर्वाधार विकास शाखा | कालिका न.पा. १० कयरखोला माथिको पुल निर्माणको म्याद थप तथा भूक्तानी सम्बन्धमा । | कालिका नगरपालिकाको कालिका न.पा. वडा नं १० को कयरखोला माथि पुल निर्माण परियोजनाको बिस्तृत परियोजना निर्माण तथा बातावरण अध्ययन कार्यको लागि कालिका नगरपालिका र एन.के.ए.इन्जिनियरिङ कन्सल्टेन्ट प्र.लि तारकेश्वर -४,काठमाडौं बिच २०८०/१२/०४ मा सम्झौता भई मिति २०८१/०३/२३ गते भित्र सम्पन्न हुने गरी परामर्शसेवा सम्झौता भएकोमा उक्त परामर्शदाताले अध्ययन कार्य गरी २०८१/०३/१९ गते अन्तिम प्रतिवेदन आफ्नो तर्फबाट पेश मिति २०८१/०३/२२ मा कार्यालयमा प्राप्त भएको । सो प्रतिवेदन उपर कार्यालयबाट अध्ययन,सरोकारकारवालाहरुको उपस्थितिमा छलफल तथा स्थानीय पूर्वाधार बिभाग (डोलि),श्रीमहल पुल्चोक ललितपुरलाई मिति २०८१/०१/२७ गते (च.नं ३९७९) मा ड्राफ्ट रिपोर्ट र मिति २०८१/०९/२३ (च.नं १२१३) मा पुलको अन्तिम डिजाईन परिक्षण गरिदिने सम्बन्धमा लिखित पत्राचार भएकोमा स्थानीय पूर्वाधार बिभाग (डोलि),श्रीमहल पुल्चोक ललितपुरबाट डि.पि.आर.को डिजाईनको परिक्षण सिफारिस मिति २०८१/१०/११ पेश भइ मिति २०८१/१०/१३ यस कार्यालयमा प्राप्त भएको ,। कालिका नगरपालिकाको प्राविधिक समितिबाट बाताबरणीय अध्ययन प्रतिवेदन सिफारिस भई आएकाले नगर कार्यापालिकाबाट मिति २०८१/०८/२८ मा प्रारम्भिक बाताबरणीय अध्ययन प्रतिवेदन साथै बिस्तृत परियोजना प्रतिवेदन तथा बहुवर्षिय ठेक्का स्वीकृत भई, डिजाईन परिक्षण प्राप्त पश्चात ठेक्का प्रकृया अगाडी बढको हुँदा,मिति २०८२/०१/०४ गतेको पूर्वाधार विकास समितिको निर्णयानुसार भूक्तानी सिफारिस समेत भएको हुँदा उक्त परामर्शसेवाको म्याद थप गरी भूक्तानी गर्ने निर्णय गरियो । | |
| २० | पूर्वाधार विकास शाखा | Construction of Bridge at Kalika Na Pa 10 Kayar Khola" ठेक्का नं: 16/Works/NCB/KM/081/082 को मुल्याँकन सम्बन्धमा | यस कार्यालयबाट e-GP बोलपत्र बिधिबाट मिति २०८१/१०/२४ गते सूचना प्रकाशन गरि मिति २०८१/११/२५ गते (9th March, 2025) खोलिएको Single Stage Double Envelope Procedure (1S2E) ठेक्का "Construction of Bridge at Kalika Na Pa 10 Kayar Khola" ठेक्का नं: 16/Works/NCB/KM/081/082 मा सात (७) वटा बोलपत्रदाताबाट बोलपत्र प्रस्ताव गरेको र पेश गरेका बोलपत्रदाता मध्ये BHADRAKALI NIRMAN SEWA फर्मको Bid Response Document | |

| | | | | |
|---|---|---|---|---|
| | | । | डाउनलोड गरि खोल्दा [{Adobe Reader बाट; Adobe Reader Could not open 'Bhadrakali BID RESPONSE DOCUMENT.pdf' because it is either not a supported file type or because the file has been damaged (for example, it was sent as an email attachment and wasn't correctly decoded)}, (गुगल क्रोम बाट; Error Failed to Load PDF document), (Microsoft edge बाट खोल्दा; We Can't open this file Something went wrong)] Dialogue Box देखिएको हुँदा, मुचुल्कामा बोलपत्रदाताको नाम उल्लेख भएको तर पेश भएको कागजात नखुल्दा मूल्यांकनको कार्य प्रभावित भएको हुँदा, यस सम्बन्धमा मिति २०८१/१२/०७ गतेको पत्रबाट (च.नं: १९१९, प.सं: २०८१/०८२) आवस्यक सहयोग तथा सहजीकरणको लागि श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, केसरमहल, काठमाडौँ, नेपाललाई (पत्र दर्ता नं:३८०५, मिति: २०८१/१२/१०) पत्र लेखि पठाईएको हुँदा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट retrieve (खोल्न नसकिएको) हुन नसकेको भनि मौखिक जानकारी प्राप्त भएकोमा,उक्त वोलपत्रदाता श्री भद्रकालि निर्माण सेवा भरतपुर चितवनलाई मुल्याँकन प्रकृयाको सूचिबाट हटाई अन्य बाँकी ६ (छ) वटा बोलपत्रदाताको मुल्याँकन गरी खरिद प्रकृया अगाडी वढाउने निर्णय गरियो। | |
| २१ | आर्थिक प्रशासन शाखा | सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचिकृत सम्बन्धमा। | कालिका नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीको लागि सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचिकृत गरी निजहरुले खाईपाई तलबको कम्तीमा साठी प्रतिशतलाई आधरभूत तलब मानी त्यसको बिस प्रतिशत रोजगारदाताबाट र एघार प्रतिशत योगदानकर्ताको तर्फबाट जम्मा गर्नु पर्ने गरी सामाजिक सुरक्षा योजनामा सहभागि गराउने भनि श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट मिति २०८१/१२/१५ मा निर्णय भइ सूचना प्राप्त भएकाले सो सम्बन्धमा कार्यदल बनाई कार्य प्रकृया अगाडी वढाउने निर्णय गरियो। | |

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

विनोद रेग्मी
नगर प्रमुख